नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय,सिन्धुली

कार्यालय कोड:३५८०३२५०१

PAN:-२०१४३३१८६

प.सं.:- २०८१/८२
च.नं.:- २८३

मितिः- वि.सं.२०८१/०९/२९
ने.सं.-११४५ पोहेलाथ्व १५ सोमवार

विषयः- **स्वतः प्रकाशन (Pro-active Disclosure) सम्बन्धमा ।**

श्री सिन्धुली जिल्लास्थित,
संघ/ प्रदेश/ स्थानीय तहका कार्यालयहरु सवै।

प्रस्तुत विषयमा सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५, तत्सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम तथा सुचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका २०७३ मा उल्लेख भए अनुसार हरेक तीन-तीन महिनामा सवै सरकारी/ सार्वजनिक निकायले आफुले गरेका कार्यसम्पादनको प्रगति विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम दोस्रो त्रैमासिक (२०८१ कार्तिकदेखि २०८१ पौष मसान्तसम्मको) स्वतः प्रकाशन (Proactive Disclosure) आर्थिक विवरण (खर्चको फाँटवारी) सहित तोकिएको समयभित्रै सम्पन्न गर्नु, गराउनुहुन अनुरोध छ। साथै, सुचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका २०७६ को दफा ६ बमोजिम जिल्ला अनुगमन इकाईका अध्यक्ष प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा मिति २०८१/०३/१७, २०८१/०४/१५ र २०८१/०७/२० गते वसेको बैठकका निर्णयहरु यसै पत्रसाथ संलग्न छन्।

**बोधार्थः-**
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुली।

२०८१/०९/२९
(कुमार थापा) हुलाक अधिकृत
हुलाक अधिकृत



CamScanner

आज मिति २०८१ साल कार्तिक २० गते मंगलवारका दिन सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका २०६६ को दफा ६ बमोजिम सूचनाको हक सम्बन्धि जिल्ला अनुगमन ईकाईका अध्यक्ष श्रीमान प्रमुख जिल्ला अधिकारी श्री लिला प्रसाद शर्मा ज्यूको अध्यक्षतामा बैठक बसी विविध विषयमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:-

१. प्र.जि.अ. श्री लिला प्रसाद शर्मा – अध्यक्ष
२. जि.स.अ. श्री राम कुमार कार्की – सदस्य
३. सू.अ. श्री कुमार थापा – सदस्य सचिव

आमन्त्रित:

१. सहायक प्र.जि.अ. श्री कृष्ण मनु फुयाल
२. शा.अ. श्री नर बहादुर आले मगर
३. ख. श्री चन्द्र बहादुर मगर

प्रस्ताव हरु:-

१. सूचनाको हक कार्यान्वयन सम्बन्धि प्रतिवेदन सम्बन्धमा।

निर्णय नं. १ जिल्लास्थित सबै सरकारी कार्यालय मध्ये प्रथम त्रैमासिक (२०८१ साउन - २०८१ असोज) स्वत: प्रकाशनको अनुगमन गर्दा संघीय २१ मध्ये १६, प्रदेशिक १३ मध्ये ८, स्थानीयतह ९ मध्ये ८ वटै पालीकाले स्वत: प्रकाशन गरेको र बाँकी नगरेकोले सो कार्य गर्न, गराउन सूचना अधिकारी बैठकमा राखी निर्णय गरियो।

२०८१/०७/२०

आज मिति २०८१ श्रावण १८ गते मंगलबारका दिन सूचनाको हक कार्यान्वयन सम्बन्धि अनुगमन निर्देशिका २०७६ को दफा ६ बमोजिम सूचनाको हक सम्बन्धि जिल्ला अनुगमन इकाईका अध्यक्ष श्रीमान प्रमुख जिल्ला अधिकारी श्री भरत खनाल ज्यू को अध्यक्षतामा बैठक बसी विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:-

१. प्र.जि.अ. श्री भरत खनाल - अध्यक्ष
२. जि.स.अ. श्री राम कुमार कार्की - सदस्य
३. हु.अ. श्री कुमार थापा — सदस्य सचिव

आमन्त्रित:-

१. सहायक प्रमुख जिल्ला अधिकारी श्री कृष्णमणी फुँयाल
२. ना.सु. श्री सूर्य ब. थापा मगर
३. प्रशासकीय अधिकृत श्री प्रविण कटवाल

प्रस्तावहरु:-

१. सूचनाको हक कार्यान्वयन सम्बन्धि प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. १ जिल्लास्थित सबै सरकारी कार्यालयहरुको चौथो त्रैमासिक (२०८१ वैशाख – २०८१ असार) स्वत: प्रकाशनको अनुगमन गर्दा संघीय २१ कार्यालय मध्ये ६, प्रादेशिक १३ कार्यालय मध्ये १२ र स्थानीय पालिका ६ वटै पालिकाले स्वत: प्रकाशन गरेकोले स्वत: प्रकाशन समयमै प्रकाशन नगर्ने कार्यालयहरुलाई सो कार्य गर्न सूचना अधिकारीको बैठकमा राख्ने निर्णय गरियो ।

०८१।४।१८ २०८१।०४।१८ २०८१।०४।१८

निर्णय नं. ५ जिल्लास्थित सबै सरकारी कार्यालयहरुको त्रैमासिक स्वतः प्रकाशनको अनुगमन गर्दा संघीय २१ कार्यालय मध्ये ५, प्रादेशिक १४ कार्यालय मध्ये ५ र स्थानीय ६ पालिका मध्ये १ पालिकाले स्वतः प्रकाशन नगरेको पाइएकोले स्वतः प्रकाशन नगर्ने कार्यालयहरुलाई सो कार्य गर्न समन्वय गर्ने निर्णय गरियो।

निर्णय नं. ६ जिल्लास्थित सबै संघीय, प्रादेशिक र स्थानीय तह सहित सार्वजनिक संस्थानलाई समेत सूचनाको हक कार्यान्वयनका लागि समेत समन्वय गर्ने निर्णय गरियो।

आज मिति २०८१ आषाढ १८ गते सोमवारका दिन सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०६६ को दफा ६ बमोजिम सूचनाको हक सम्बन्धि जिल्ला अनुगमन इकाईका अध्यक्ष श्रीमान प्रमुख जिल्ला अधिकारी श्री भरत खनालको अध्यक्षतामा बैठक बसी विविध विषयमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति:-

१. प्र.जि.अ. श्री भरत खनाल - अध्यक्ष
२. जि.स.अ. श्री राम कुमार कार्की - सदस्य
३. सु.अ. श्री कुमार थापा - सदस्य सचिव

आमन्त्रित:-

१. स.प्र.जि.अ. श्री कृष्ण मणी फुयाल
२. उप अनुसन्धान निर्देशक श्री सुवास कार्की
३. स.प्र. ना.उ. श्री बलराम मसाई
४. प्रशासकीय अधिकृत श्री प्रविण करवाल

प्रस्तावहरु:

१. जिल्ला अनुगमन इकाईको बैठक सम्बन्धि कार्यविधि सम्बन्धमा ।
२. सूचनाको हक कार्यान्वयन सम्बन्धि प्रतिवेदन सम्बन्धमा ।
३. सबै सरकारी कार्यालयहरुलाई सूचनाको हक कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. १ सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका २०६६ को दफा ६ बमोजिम सूचनाको हक सम्बन्धि जिल्ला अनुगमन इकाईको बैठक त्रैमासिक रुपमा सामान्यतया प्रत्येक वर्षको वैशाख १५, श्रावण १५, कार्तिक १५ र माघ १५ गते बस्ने र उक्त दिनमा बिदा परेमा सोको भोलिपल्ट बस्ने निर्णय गरियो ।